च्वङ गणेश







प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठ
विनोदराज शर्मा

च्वङ्गा गणेश

ग्रन्थकार
प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ,
विनोदराज शर्मा

प्रकाशक
च्वङ्गा गणेशस्थान विकास समिति
२०६६
भक्तपुर

प्रकाशक
च्वङ्ग गणेशस्थान विकास समिति
भक्तपुर ।

प्रथम संस्करण
प्रकाशन मिति : वि.सं. २०६६, मंसिर ३० गते
प्रकाशन प्रति : १००० प्रति

मूल्य रू. : ५०।-

मुद्रक
मित्रता छापाखाना
गोल्मढी, भक्तपुर-७
फोन : ६६१३३९९

ISBN : 978-9937-2-1993-8

समर्पण

ङा गणेशस्थान विकास समितिलाई, जसको प्रेरणां, प्रोत्साहन र प्रकाशन-
ड्योग पाएर यो ग्रन्थ-निर्माण संभव भयो, जसले यहाँ यस देवस्थानमा
र्वाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' लाई साकार पार्दै यहाँका
ताकृतिको जीर्णोद्धार, पुनर्निर्माण एवं नवनिर्माण गर्दै संरक्षण संवर्द्धनको
ुपम नमुना प्रस्तुत गर्न समेत सफल भयो ।

कृतज्ञता-ज्ञापन

च्वङा गणेशस्थानका कलाकृति विवरणसहितको ऐतिहासिक तथा सांस्कृतिक अन्वेषण यो ग्रन्थ हो। यो यस विषयको पहिलो ग्रन्थ हो। हामी आभारी छौं चोङा गणेशस्थान विकास समितिप्रति। अनि हामीलाई यो ग्रन्थ लेख्नका लागि प्रेरित गरी महत्त्वपूर्ण जानकारी दिएर सहयोग गर्नुहुने यसै समितिका अध्यक्ष श्री लक्ष्मीनारायण राजलवट, उपाध्यक्ष श्री ओमकृष्ण श्रेष्ठ, कोषाध्यक्ष श्री विष्णु प्रजापति, सदस्य श्री प्रेमलाल ध्वजु लगायत सो समितिका सम्पूर्ण परिवारप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं। हामीलाई अन्वेषणका क्रममा सहयोग पुऱ्याउनु हुने समाजसेवी श्री आशाबहादुर खर्बुजालाई पनि धन्यवाद दिन चाहन्छौं। त्यसैगरी श्री रत्नराज शर्मा (इपाछेँ), श्री दीपानन्द वज्राचार्य, काजीलाल ब्वँजु (इताछें दाफा भजन), नारायण वहादुर गोराहरूप्रति पनि आभारी छौं। यस ग्रन्थको पाण्डुलिपिलाई कम्पयुटर सेटिङ्ग/बाहिरी आवरण डिजाइन गरी प्रकाशन योग्य बनाइदिने मित्रता छापाखाना, गोल्मढीटोलका कम्प्यूटर शाखाका श्री रविन सितिखुलाई पनि धन्यवाद दिन चाहन्छौं।

अन्तमा अन्वेषणकार्यमा सदैव लागिरहन सल्लाह र प्रेरणा दिइरहने श्रीमती बबिता श्रेष्ठ (पुरुषोत्तमलोचन श्रेष्ठकी जीवन सहचरी) लाई पनि धन्यवाद ज्ञापन गर्दछौं।

श्री च्वङा गणेशले सबैको कल्याण गरून्!

जय च्वङा गणेश!

- प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ,
- विनोदराज शर्मा

२०६६ मंसिर ३० गते, मङ्गलबार

"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

प्रकाशकीय

भक्तपुरको च्वङा गणेशस्थान नेपाल प्रसिद्ध छ । २०५८ सालमा सिंढी निर्माण कार्यबाट जीर्णोद्धार कार्य थालनी गरेको च्वङा गणेशस्थान विकास समितिले आफ्नो सक्रियतामा जनसमुदायसित मिलेर भक्तपुरको पश्चिमीद्वारको रूपमा परम्परादेखि प्रख्यात रहीआएको मुपुज्व सल्लाघारीको रमणीय डाँडाको काखमा रहेको च्वङा गणेश मन्दिर लगायत सो परिसरको यसपछि पनि गरेका जीर्णोद्धार, पुनर्निर्माण एवं नव निर्माणका निरन्तर-कार्यहरूले यस क्षेत्रको स्वरूपमा कायापलट नै भएको छ। यो अहिले सफा र सुन्दर छ । प्रकृति र लोकवास्तु-संस्कृतिको संगम स्थल बनेर अनुपम नमुना प्रस्तुत गरेको छ । यसै प्रसङ्गमा हामीले भक्तपुरका इतिहास एवं संस्कृतिविद् प्राध्यापक डा. पुरुषोत्तमलोचन श्रेष्ठ र संस्कृतिविद् विनोदराज शर्मालाई यस स्थानको बारेमा एक सानो लेख लेखिदिन अनुरोध गरेका थियौं। र सुखद् आश्चर्य! विद्वानद्वयले निस्वार्थभावले यस देवस्थानका कलाकृति विवरणसहितको ऐतिहासिक सांस्कृतिक अन्वेषणयुक्त गहकिलो यो ग्रन्थ नै तयार पारेर दिनु भयो । सर्वसाधारण जनता, विद्वान तथा विद्यार्थीहरू सबैका लागि यो ग्रन्थ उपयोगी हुने हामीले विश्वास लिएका छौं । यस्तो महत्त्वपूर्ण ग्रन्थको प्रकाशन समेत गर्न पाउँदा हामी गौरवान्वित भएका छौं। यसका निमित्त च्वङा गणेशस्थान विकास समितिको तर्फबाट लेखकद्वयलाई हार्दिक धन्यवाद प्रदान गर्दछु । हाम्रा च्वङा गणेशले लेखकद्वयको कल्याण गरून् ।

जय च्वङा गणेश !

लक्ष्मी नारायण राजलवट

अध्यक्ष

च्वङा गणेशस्थान विकास समिति, भक्तपुर

साल २०६६ मंसिर ३० गते ।

विषय-सूची


खण्ड प्रथम
कलाकृति विवरण

स्थान परिचय

भक्तपुर शहरदेखि करीब १ किलोमिटर पश्चिममा सल्लाघारी-थुम्को (वडा नं १७) छ। सो थुम्कोमा पुग्ने मुख्य बाटो पूर्वपट्टि रहेको छ। त्यहाँ हालैमा इँटाको एक कलात्मक प्रवेशद्वार पनि बनेको छ। यही प्रवेशद्वार भएको भिरालो बाटोबाट (चित्र संख्या १) गएपछि प्राकृतिक दृश्यले समेत रमणीय यस थुम्कोको शिरैमा रहेको गुम्बजशैलीको दक्षिणाभिमुख गणेशमन्दिर (चित्र संख्या २) मा पुगिन्छ। नेपाल-उपत्यकाका प्रसिद्ध देवस्थानमध्येको एक यो पनि हो। नेवार लोकजीवनमा यो देवस्थल 'च्वङ्गागन्द्यः' र नेपाली राष्ट्रियजीवनमा 'सल्लाघारी-गणेश' नामले प्रख्यात रहीआएको छ।

च्वङ्गागणेश मन्दिर परिसर करीब दश रोपनी क्षेत्रमा फैलिएर रहे्को् छ। यहाँ सल्लाका रूखका अतिरिक्त अन्य अनेक थरीका रूखहरू पनि छन्। ती रूखहरू स्थानीय नेवार लोकजीवनमा काकोसि, भ्याँउकोसि, कोसिमा, न्यापासि, फैगोमा, फोसिमा, तिसिमा, खोसिमा, दुवसिमा, कल्कि लगायतका नामले परिचित छन्। यसका अतिरिक्त यहाँ धुपि, मसला, काँइयो, लप्सी लगायत कपुरका रूख पनि छन्। यसरी यी अनेक जातका रूखविरूवाले पनि यो शान्त वातावरणमा अवस्थित देवस्थललाई अझ बढ्ता शोभायुक्त र मनोरम तुल्याएको छ।

यस देवस्थलको पूर्व दिशामा : जसि गः र वान्तां (चित्र संख्या ३),सैनिक इलाका र सो परिसरका पुतलीबगैंचासहितको रानीपोखरी, सिद्धपोखरी र त्यसदेखि पूर्वमा भक्तपुरको शहरीबस्ती छ। पश्चिम दिशामा : मूलबाटो, 'नपलि' नामको पुरानो बस्ती र सोही नामको एउटा पुरानो पुलसहितको



चित्र संख्या १ : यही प्रवेशद्वार भएको सो भिरालोबाटोबाट च्वङा गणेशमन्दिरमा पुगिन्छ ।



चित्र संख्या २ : च्वङा गणेशमन्दिर ।



चित्र संख्या ३ : जसि गः र वान्तां परिसर ।

पश्चिमतिर लाग्ने पुरानो मार्ग पनि छ । दक्षिण-पश्चिममा मुपुज्व, पाटी एवं सडकवारि ढुङ्गेधारा र पारि कुवा छ । उत्तरपश्चिममा निकोसेरा पर्छ । उत्तर दिशामा : 'इतापाको' नामको फाँट, धारा, पाटी, फैढोका गणेश, देवनागे (यहाँ केही कालअघिसम्म सैनिकहरूले तारो हान्ने ठाउँ बनाएका थिए), दुवाकोट आदि पर्छन् । दक्षिणमा मूलबाटो, पाँखय् नामक ढिस्को, हनुमन्ते खोला पर्छन् । रोचक कुरा के छ भने यस च्वङगणेशमन्दिरमा उभिएर केही पर दक्षिणतिर अलिकता दूरदृष्टि दिएमा त्यहाँ यहाँबाट सिधै कटुञ्जेका सुवर्णेश्वर महादेवमन्दिर दर्शनीय हुन आउँछ ।

नामकरण

स्थानीय नेवार लोकजीवनमा च्वङगणेशमन्दिर रहेको इलाका 'च्वङपाखा'/ 'च्वङपाँ' नामले प्रसिद्ध रहीआएको छ । लीलाभक्त मुनंकर्मी लगायतका

एकथरीका विद्वानहरूले 'च्वङापाख' नाम रहन गएको बारेमा यसप्रकारको विवरण दिएका छन् : तत्कालीन भक्तपुरका राजा जितामित्र मल्लको मृत्युपछि उनकी कान्छी रानीले आफ्ना प्रेमी भाजुकससित मिलेर शासन चलाइन्। बालक भूपतीन्द्र मल्ललाई मार्न जंगल पठाए। भाजुकसले आफूलाई राजा घोषित गरे। तर भूपतीन्द्र मल्ललाई मार्ने षडयन्त्र विफल भयो। ठूलो भएपछि उनले गुमेको राज्य फिर्ता लिन भाजुकससित घमासान युद्ध गरे। युद्धमा विजय पाएपछि भूपतीन्द्र मल्लले दुष्ट भाजुकसलाई सुकुलढोकाको मूलसडकमा किला ठोकेर मार्न लगाए। उनको टाउको काटेर ल्याए। धेरै मान्छे आवत-जावत हुने ठाउँमा खाडल खनी त्यहाँ सो टाउको राखी सबैले त्यसमाथि मुते। त्यो ठाउँ चोकुंगाछे नामले प्रसिद्ध भयो। हिजोआज त्यस ठाउँलाई चोंगा पाख भन्दछन्।

तर उक्त विवरणमा ऐतिहासिक सत्यता देखिएन। भूपतीन्द्र मल्लले आफ्ना पिता जितामित्र मल्ल जीवित छँदै शासन चलाउन थालिसकेका थिए। यो कुरा तात्कालिक ऐतिहासिक सामग्रीबाट पुष्टि भइसकेको छ। यताबाट 'च्वङापाँ'सित जोडिएको भाजुकसको कथा काल्पनिक मात्र रहेछ भन्ने कुरा पनि छर्लङ्ग हुन्छ। मल्लकालीन इतिहासका 'भाजुकस' विशेषणधारी सच्चरित्रवान्, धार्मिक व्यक्तित्वलाई दन्त्यकथाको दुष्चरित्र पात्रको रूपमा प्रस्तुत गर्न खोज्नु दुःखद कुरा हो। ऐतिहासिक भाजुकसहरूका बारेमा छुट्टै अन्वेषण हुनु जरुरी छ।

नेवारीमा 'च्व' ले उच्च भागलाइ जनाउँछ। उच्च भागमा बसेकै कारणले चांगु, चोछैं, चवदेश लगायत च्वङा गन्धः नाम लोकजीवनमा चलेर आएका हुन् भन्ने दृष्टिगत हुन्छ। च्वङागणेशमन्दिर पाखो परेको थुम्कोमाथि अवस्थित

छ। भौगोलिक दृष्टिले यो कुरा महत्त्वपूर्ण छ। नेवारीमा पाखोपरेको थुम्कोलाई बुझाउनुपर्दा 'च्वङापाँ' भन्ने चलन छ। यो गणेशमन्दिर यस्तै भागमा वसेको हुँदा सोही भौगोलिक विशेषताका आधारमा यो ठाउँ यहाँको जनजीवनमा 'च्वङापाँ' नामले प्रसिद्ध रहीआएको विदित हुन्छ। पाँचवटा कुना निस्केको ढिस्कोलाई नेवारीमा च्वङापा भनिन्छ। यो गणेशस्थान पाँचवटा कोण परेको ढिस्कोमाथि अवस्थित रहेको हुँदा सोही अनुरूप 'च्वङापा' नाम रहेको जानिन्छ। यसरी पाखो परेको थुम्कोको शिरैमा रहेको गणेश हुँदा नेवार लोकजीवनमा यिनी 'च्वङा गन्द्यः' नामले सम्बोधित हुँदै आएको जानिन्छ।

कलाकृति विवरण

च्वङागणेशमन्दिर (चित्र संख्या १)

दक्षिणाभिमुख यो मन्दिर आफ्नो स्थापनाकालदेखि नै गुम्बजशैलीमा खडा रहीआएको विदित हुन्छ। वर्तमानमा च्वङागणेश स्थान विकास समितिले यो मन्दिरको जगैदेखि पुनर्निर्माण गरेको छ। सो विकास समितिले पनि यसको मौलिक शैली स्वरूपलाई नबिगारीकन अघि जस्तो थियो (चित्र संख्या४) त्यही स्वरूपमा खडा गरी यसलाई पुनर्जीवन प्रदान गरेको छ। यो प्रशंसनीय काम हो। पेटी तहदेखि गजुरसम्म यो मन्दिर करीब बीस फीट अग्लो छ।


धुलो पानी र ओसबाट बचाउन हाम्रा अन्य नेपाली मन्दिरमा जस्तै यस मन्दिरमा पनि यसको चारैतिर एक तहको ढुङ्गे पेटी वनाइएको छ। यस मन्दिरको टुप्पामा ढुङ्गे गजुर छ। माङ्गलिक चिन्हको प्रतीक गजुर यथार्थमा पूर्णकलश नै हो। यसरी पेटी तहदेखि गजुरसम्म यो मन्दिर करीब बीस फीट अग्लो छ।



चित्र संख्या ४: पुनर्निर्माण हुनुभन्दा ५० वर्ष अघिको च्वङा गणेशमन्दिर ।
फोटोकपि साभार : च्वङा गणेशस्थान विकास समिति


ढुङ्गे सिंह (चित्र संख्या ५)

यस मन्दिरको ढोकासामुन्ने दायाँ बायाँ एकजोडी ढुङ्गे सिंह छन् । प्रायः यस्ता कलाकृतिका आसनभागमा त्यस्ता कृति अर्पित गर्ने भक्तका अभिलेख पनि कुँदिएका हुन्छन् । तर यहाँ अभिलेख छैन । यी सिंहहरू दाह्री-जुंगा भएका मानव-मुखाकृतिका छन् । धेरै समयदेखिको मानवस्पर्श एवं घामपानी हावाहुरी आदिले यिनका मुखाकृति खिइसकेका छन् । त्यसमध्ये पनि बायाँपट्टिको सिंह (चित्र संख्या ६) को मुखाकृतिभन्दा दायाँपट्टिको सिंह (चित्र संख्या ७) को




चित्र संख्या ५ : च्वङा गणेशमन्दिरको ढोकाको दायाँ-बायाँका ढुङ्गे सिंह, सोह्रौं शताब्दी ।

मुखाकृति बढ्ता खिइसकेको देखिन्छ । दुबै सिंहले खुट्टामा बुट्टेदार कल्ली र गलामा सिक्री लाएका छन् । बायाँपट्टिको सिंहले लाएको सिक्रीमा घण्ट पनि झुण्डिएको छ ।



चित्र संख्या ६ : च्वङा गणेशमन्दिरको बायाँपट्टिको सिंह (द्वीपि), सोह्रौं शताब्दी




चित्र संख्या ७ : च्वङा गणेशमन्दिरको दायाँपट्टिको सिंह (द्वीपि), सोह्रौं शताब्दी ।

माथिका सिंहमूर्तिले काठमाण्डौं उपत्यकाका केही देवस्थलमा रहेका यस्तै मानव-मुखाकृति ढाँचा र शैलीका सिंहमूर्तिहरूलाई यहाँनिर सम्झाएको छ। भक्तपुर दरबारपरिसरस्थित पचपन्नझ्याले दरबारको दक्षिण-पूर्व कुनासंगैको दक्षिणाभिमुख सिद्धिलक्ष्मीको ढुङ्गेमन्दिर (सत्रौं शताब्दी) को माथिल्लो तहको पेटीको दायाँ-बायाँ पनि यस्तै मानव-मुखाकृतिका सिंह छन्। यस्ता सिंहलाई 'द्वीपि' भनिएको पाइन्छ। शैली-लक्षण र प्राचीनताका दृष्टिले सिद्धिलक्ष्मीको ढुङ्गेमन्दिरका सिंह (द्वीपि) भन्दा च्वङ्गगणेशमन्दिरका सिंह केही पुरानो देखिन्छ। यसै आधारमा यी सिंहमूर्तिलाई सोह्रौं शताब्दीतिर राख्न सकिन्छ। परम्परागत रूपमा दरबार र देवस्थलका द्वारको दायाँ-बायाँ राखिने यस्ता सिंहमूर्ति शोभाका निमित्त मात्र नभएर निःसन्देह सफलता र शालीनता, शक्ति र बल लगायत साहस र सुरक्षाका प्रतीकका रूपमा पनि रहेका छन्।

प्रवेशद्वार (चित्र संख्या ८)

च्वङ्गगणेशमन्दिरको प्रवेशद्वार माथितिर चुच्चो हुँदै गएको, ढुङ्गाले बनेको खुला रूपको छ। यो द्वार नागपाश-बुट्टाले कुँदिएको छ। शीर्षभागमा चतुर्बाहु गणेशको एक सानो प्रस्तरमूर्ति (चित्र संख्या ९) पनि छ। सो मूर्तिका गणेश द्वादशदलपद्मासनमाथि अर्द्धपर्यङ्कासन मुद्रा कसी बसेका छन्। यिनले माथिका दुई हातमध्ये बायाँपट्टिको हातमा परशु, दायाँपट्टिको हातमा अक्षमाला र तलका दुई हातमध्ये बायाँपट्टिको हातमा मोदकपात्र र दायाँपट्टिको हातमा दन्त लिएका छन्। यिनका वाहन मूषक भने यहाँ छैनन्। यस मूर्तिको पार्श्वभागमा गणेशको शिरमाथि देखिने सप्तनाग छत्रको रूपमा रहेको छ



चित्र संख्या ८ : च्वङा गणेशमन्दिरको प्रवेशद्वार



चित्र संख्या ९ : च्वङा गणेशमन्दिर-प्रवेशद्वारको शीर्ष भागका चतुर्बाहु गणेश (उन्नाइसौं शताब्दी)

गर्भगृह (मन्दिरको भित्री तह)

च्वङ्गगणेशमन्दिरको गर्भगृहमा कलात्मक रूपको मल्लकालीन प्रस्तर-द्वार-तोरणले सजिएको एक सानो देवल छ। हालसालै यो देवललाई पित्तलको द्वारतोरण र छानाले मोडेर शोभायमान तुल्याइएको छ। सो देवलभित्र एक आकृतिविहीन प्रस्तर स्थापित छ। यही निराकृत-प्रस्तरमा यस मन्दिरको मुख्य देवता-च्वङ्गगणेशको दर्शन हुन्छ। (चित्र संख्या १०)

यस गर्भगृहका मुख्य देवता च्वङ्गगणेशको दायाँपट्टि दियो बाल्ने प्रयोजनका निमित्त बनेको एक सानो ढुङ्गे थाम र धूपदीप बाल्ने-राख्ने एक सानो ढुङ्गे दियो पनि छ। गणेशको बायाँपट्टि भीमसेनको एक सानो मूर्ति (चित्र संख्या ११) छ। स्थानीय बासिन्दाहरूका अनुसार सो मूर्ति केही काल अधिमात्र कसैले यहाँ त्यसरी राख्न ल्याएका हुन्।



चित्र संख्या १० : पित्तलको छाना, आभरणसहितको द्वारतोरणयुक्त देवलमा सजिएका च्वङ्ग गणे... (स्थापनाकाल ई.सं. बाह्रौं शताब्दी)। निराकृत-प्रस्तरका यी च्वङ्ग गणेश ३३ से.मि लम्बा र ... से.मि. चौडा छ।



*चित्र संख्या ११ : व्यापारीहरूका देवता **भीमसेन** । प्राप्त जानकारी अनुसार भीमसेनको यो सानो प्रस्तरमूर्ति कुनै एक भक्तले केही समय अघि च्वङा गणेशको बायाँपट्टि राखीदिएका हुन् ।*

च्वङागणेशमन्दिरको भित्री भागको पूर्व र पश्चिम भित्तामा स-साना मृन्मय-आँखीझ्याल छन् । उत्तरपट्टिको भित्तामा त्रिकोणाकारको एउटा सानो प्वाल छ । नेवार वास्तु-संस्कृतिमा अभिन्न रूपले महत्त्व पाउँदै आएको यस्तो प्वाल नृत्यनाथका प्रतीक हुन् जसलाई 'नासःप्वा' भनिन्छ । सो नासः प्वा को दायाँपट्टि भित्तामा हालसालै ठोकिईराखिएको एक पित्तलपत्र (चित्र संख्या १२) छ । वि.सं.२०६६/०७/२२ मा भक्तपुर जिल्ला, बोडेस्थित विष्णुघाटटोलका पुन कुमार (ज्यो) श्रेष्ठहरूले च्वङागणेशमन्दिरको भित्री तहको च्वङागणेश प्रतिष्ठापित देवललाई पित्तलको आभरणयुक्त द्वारतोरणसहितको छाना चढाएर शोभायमान तुल्याएका रहेछन् भन्ने कुरा सो पित्तलपत्रको अभिलेखबाट जानिन्छ ।[1]

[1] परिशिष्ट, १ संख्याको अभिलेख ।

चित्र संख्या १२ : च्वङा गणेशमन्दिरको पुन कुमार (ज्यो) श्रेष्ठहरूको पित्तलपत्र ।

च्वङागणेशमूर्तिको सामुन्ने, बायाँपट्टि एउटा सानो खाल्टो (चित्र संख्या १३) छ सो खाल्टो जलकुण्डको रूपमा रहेको छ । जाँड राम्रो पार्नका लागि यहाँको जल लगी छर्कने चलन स्थानीय लोकजीवनमा वर्तमानमा पनि लोकप्रिय छ

चित्र संख्या १३ : च्वङा गणेशको बायाँपट्टि रहेको सानो खाल्टो - 'जलकुण्ड'

घण्टा (चित्र संख्या १४)

च्वङागणेशमन्दिरको अगाडि, दायाँपट्टि दुई खम्बाका बीचमा झुण्ड्याइएको एक घण्टा छ । सो घण्टा त्यहाँ राखीदिएपछि मन्दिरको शोभा बढ्नुका साथै गणेशको दर्शन-पूजन गर्न आउने भक्तजनहरूका लागि पनि सजिलो भएको छ । ने.सं. ११२६ मा भक्तपुर नगर, इताछेंटोलका स्व. आशलाल ध्वजुको स्मृतिमा उनका पत्नी न्हुछेमाया र पुत्र प्रेमलाल ध्वजुले सो घण्टा लोककल्याणको कामना गरी गणेशलाई चढाएका रहेछन् । यो कुरा सोही घण्टामा उत्कीर्ण अभिलेखबाट विदित हुन्छ ।[२]




चित्र संख्या १४ : न्हुछेमाया र उनका छोरा प्रेमलाल ध्वजुले ने.सं.११२६ मा राखीदिएको च्वङा गणेशमन्दिर अगाडिको घण्टा ।

२ परिशिष्ट, २ संख्याको अभिलेख ।

हः फः (चित्र संख्या १५)

च्वङागणेशमन्दिरको अगाडि एकजोडी प्रस्तर-पद्माकृति छ। स्थानी सांस्कृतिक-जीवनमा 'हः फः' भनी प्रसिद्ध यो पद्माकृति यथार्थमा कुमार क प्रतीक हो। देवस्थलमा मात्र नभएर यस्ता पद्माकृति साधारण गृहस्थीका घ अगाडि पनि देख्न सकिन्छ। घरबाहिरका देवस्थानमा पुजा जानु अघि यसैला सर्वप्रथम पूजा गर्ने चलन छ। कुमार देवताका प्रतीक यी पद्माकृति घ परिवारका रक्षकदेवता पनि हुन्। यो एकजोडी पद्माकृतिको पनि अगा सिङ्गमर्मरको अर्को एक पद्माकृति छ। सो एकजोडी पद्माकृतिमध्ये पूर्वपट्टि पद्माकृतिको बीचमा पादुका पनि कुँदिएको छ।




चित्र संख्या १५ : हः फः (कुमारको प्रतीक पद्माकृति)। सो एकजोडी हः फः को पार्श्वमा अर्को एक पद्माकृति पनि छ।

ढुङ्गे मौलो (चित्र संख्या १६)


च्वङ्गागणेशमन्दिरको सामुन्ने दक्षिण-पश्चिमपट्टि एक ढुङ्गे मौलो छ । वस्थल, कोत आदिमा पशुको बलि दिनको निमित्त यस्ता कीलाहरू गाडेर राख्ने चलन छ । यो मौलो साँढे दुई फूट लम्बा र र एक फूट चौडा छ ।

मण्डप (विश्रामस्थान) (चित्र संख्या १७)

च्वङ्गागणेशमन्दिरको पछाडि उत्तरमा तीन तहको पेटी निकाली बनाउन लागिएको एक नव निर्माणाधीन मण्डप (विश्रामस्थान) छ । च्वङ्गागणेशस्थान विकास समितिद्वारा यो मण्डपको निर्माण भइरहेको छ ।



चित्र संख्या १६ : च्वङ्गा गणेशमन्दिर अगाडिको ढुङ्गे मौलो ।




चित्र संख्या १७ : च्वङा गणेशस्थान विकास समितिद्वारा निर्माण हुन लागेको नवनिर्माणाधीन म

पाटी र धारा

धार्मिक एवं सामाजिक-सांस्कृतिक महत्त्व राख्ने सत्तल, पाटी, धा जलद्रोणी आदि नेपाली लौकिक वास्तुकलाका अनुपम उदाहरण हुन्। बटुवा लगायत भक्तजनहरूको सुविधाका लागि समेत लोकोपकारी भावनाले प्रे भई पुण्य कमाउने अभिप्रायले यस्ता वास्तुकृति बनाउने चलन प्राचीनकाल नै रही आएको पाइन्छ । यस्तो चलनको अपवाद च्वङागणेशस्थान होइ यहाँ पनि यस्ता लौकिक वास्तुकृति छन् ।

च्वङागणेशमन्दिरको दक्षिण-पूर्वमा दुईवटा पाटी (चित्र संख्या छन् । यी दुबै पाटी तीन कवलका छन् । स्थानीय बासिन्दाहरूका अनु वि.सं.१९९० सालको महाभूकम्पले भक्तपुर दरबारको च्यासिलं मण्डप ध्वस्त भएपछि त्यसका थामहरू ल्याएर यी पाटीहरू वि.सं.१९९४ साल बनाइएका थिए । च्यासिलं मण्डपको पुनर्निर्माण गर्ने क्रममा यी पाटी भत्काई त्यसका थामहरू पुनः लगेपछि यी पाटीहरू पनि पुनः परम्परा शैलीमा झिंगटीको छाना हाली पुनर्निर्मित हुन पुगेका हुन् ।



चित्र संख्या १८ : च्वङ्ग गणेशमन्दिरको दक्षिण-पूर्वमा रहेका दुईवटा पाटी ।

माथि उल्लेखित दुईवटा पाटीका बीचमा करीब पाँच फिट गहिरो, इँटाको चीरबुट्टे आकारको इँटाको गारो हाली बनाइएको भागमा एक पाइपधारा (चित्र संख्या १९) छ। स्थानीय बासिन्दाहरूका अनुसार यो धारा राणाकालतिर भक्तपुरमा वीरधाराको प्रबन्ध गर्ने क्रममा यहाँ पनि पाइप जोडेर ल्याइएको थियो । समय बित्दै जाँदा सो धाराबाट पानी आएन । अनि वि.सं. २०५४ सालमा च्वङ्गगणेशस्थान विकास समितिले जन सहयोग र जनश्रमदान जुटाएर पानी ट्याङ्कीसमेत राखी यस धाराको जीर्णोद्धार गरेको थियो। यो कुरा सोही पाइपधारामाथि सिमेन्ट प्लास्टर गरी बनाइएको सिमेन्टपत्रमा उत्कीर्ण अभिलेखबाट थाहा पाइन्छ ।[३]

३ परिशिष्ट, ३ संख्याको अभिलेख ।



चित्र संख्या १९ : चीरवुट्टे आकारको गहराईमा रहेको पाइपधारा ।

दलुचा (चित्र संख्या २०)

च्वङागणेशमन्दिरको पूर्वपट्टि फलामे दण्डीले बनेको फलक छ। सो फलकमा १०८ वटा पित्तलका **दलुचा** (दियो) छन् । ती दियो भक्तपुर जेलाँटोलका रत्न बहादुर र मंगलमाया माकजुहरूले राख्न लगाएका हुन्। यो कुरा ती दियोमाथिका फलामे-अक्षरका अभिलेखबाट जानिन्छ।[४]

ताहाःफल्चा (लामो पाटी) (चित्र संख्या २१)

च्वङागणेशमन्दिरको दक्षिणपट्टि एक पुनःनिर्मित ताहाःफल्चा (लामो पाटी) छ। केही काल अघिसम्म पनि सो पाटी निकै जीर्ण अवस्थामा थियो।

४ परिशिष्ट, ४ संख्याको अभिलेख।



चित्र संख्या २० : भक्तपुर, जेलाँ टोलका रत्न वहादुर र मंगलमाया माकजुहरूले राखीदिएका दलुचा



चित्र संख्या २१ ताहा: फल्चा (लामो पाटी)

त्यसो हुँदा च्वङ्गगणेशस्थान विकास समितिले आफ्नो सक्रियतामा ज
समुदायको मन जितेर आर्थिक, भौतिक र श्रम लगायतका विविध सहयो
जुटाई पुन:निर्माण कार्यको थालनी गऱ्यो । सो कार्य पूरा भएपछि त्य
पुन:निर्मित पाटीको उद्घाटन वि.सं.२०६२ साल चैत्र २२ गते पूर्व सांस
नारायणमान बिजुक्छेंबाट भएको थियो । यो कुरा सोही पाटीमा रहेको शिलाप
एवं च्वङ्ग गणेशस्थान विकास समितिले प्रकाशमा ल्याएको दाताहरूक
आर्थिक सहयोग विवरणसम्बन्धी पुस्तिकाबाट पनि थाहा पाइन्छ ।[५] यथार्थम
त्यसरी पुन:निर्मित यो लामो पाटी लौकिक वास्तुशैलीको अनुकरणीय नमून
बन्न पुगेको छ ।

पश्चिमपट्टिको पाटी (चित्र संख्या २२)

च्वङ्गगणेशमन्दिरको पश्चिमपट्टि छानाको जस्ताले छाएको पाँ
कवलको एक पाटी छ । यो पाटी च्वङ्गगणेशस्थान विकास समितिले यसदेखि
दक्षिणपट्टि रहेको पुरानो लामो पाटी पुनर्निर्माण गर्ने क्रममा त्यसका जस्ता
थामहरू ल्याई यो पाटी बनाएको हो । यो पाटी बनेपछि यस गणेशस्था
परिसरका कलाकृतिको पुनर्निर्माण र जीर्णोद्धार कार्य गर्न सो विकास समितिला
सजिलो भएको छ ।

सिंघचा (सिंह) (चित्र संख्या २३)

माथि उल्लेखित पश्चिमपट्टिको पाटीमा करीब २ फीट अग्लो एक
प्रस्तर-सिंहमूर्ति छ । यो सिंहमूर्ति पहिले च्वङ्गगणेशमन्दिर पछाडि उत्तरपू

*५ परिशिष्ट, ५ संख्याको अभिलेख । चोङ्ग गणेशस्थान विकास समितिको लामो पाटी पु
निर्माणसम्बन्धी आय -व्यय विवरण पुस्तिका*



चित्र संख्या २२ : च्वङा गणेशमन्दिरको पश्चिमतर्फको पाटी



चित्र संख्या २३ : सिंघचा (सिंह), सोह्रौं शताब्दी ।

कुनामा थियो भन्ने कुरा थाहा हुन आएको छ। तर यसको अर्को जोडी पनि हुनु पर्ने हो जुन यस परिसरमा कतै पनि देखिएन। यस सिंहको मुखाकृति शीर्षभाग नराम्रोसित फुटिसकेको छ। यसको अनुहार पनि चिन्न गाह्रो भएको छ। यसले गलामा घण्टयुक्त सिक्रीमाला लाएको छ। शैली प्राचीनताका आधारमा यसलाई सोह्रौं शताब्दीतिरको मान्न सकिन्छ।

दिगुद्यः (देवाली देवताहरू)

च्वङ्गगणेशमन्दिर आसपासमा स्थानीय नेवार-लोकजीवनले परम्परादेखि मान्दै आएका दिगु द्यः (देवाली देवता) हरू छन्। हामीलाई प्राप्त जानकारीका आधारमा यहाँ दर्शनधारी, मानन्धर, कोजु, सुवाल, ख्वालापाला, नकर्मी, भोमि, राजोपाध्याय, मल्ल-प्रधानाङ्ग, जोशी, आदि थरहरूका दिगु द्यः छन्।



चित्र संख्या २४ : दर्शनधारीहरूको दिगु द्यः।

दर्शनधारीहरू(कुस्ले)का दिगु द्यः (चित्र संख्या २४)

च्वङ्गगणेशमन्दिरको पूर्वी द्वारबाट गणेशस्थान जाने उकालो बाटोको उत्तरपट्टि छेपु (आफ्ना पञ्जाले सर्प समाती निलिरहेको बाघमुखे आकृति) र नासःप्वाः (नृत्यनाथको प्रतीक त्रिकोणात्मक आकृतिको प्वाल) आकृतियुक्त एक प्रस्तर छ। सो संगै अर्को एक निराकृत प्रस्तर पनि छ। यी दर्शनधारीहरूका दिगु द्यः हुन्।


मानन्धरहरूका दिगु द्यः

च्वङ्गगणेशस्थानमा अन्य समुदायका तुलनामा भक्तपुरका विभिन्न स्थानमा बसोबास गर्दै आएका मानन्धर जातिका दिगु द्यः बढ्ता छन्। च्वङ्गगणेशमन्दिरसंगै पश्चिमपट्टि प्राङ्गणमा स्थापित एकजोडी प्रस्तर-पद्माकृति **-पलेफो** (चित्र संख्या २५) भक्तपुर, भार्वाचोटोलका मानन्धरहरूका दिगु द्यः हुन्। ती पद्माकृतिका मध्यभागमा षट्कोण-आकृति पनि कुँदिएका छन्।




चित्र संख्या २५ : भार्वाचो - मानन्धरहरूको दिगु द्यः।

सो दिगु द्यः को उत्तरपट्टि पाँचवटा पलेफोका आकृति कुँदिएको प्रस्तर देखा पर्छ। (चित्र संख्या २६) यो पनि भार्वाचो-मानन्धरहरूका दिगु द्यः हुन्।



चित्र संख्या २६ : भार्वाचो - मानन्धरहरूको दिगु द्यः।



चित्र संख्या २७ : बोडे, थिमीका मानन्धरहरूको दिगु द्यः।

च्वङ्गगणेशमन्दिरको उत्तरपूर्वपट्टि तीन खण्डमा विभक्त दिगु द्यःहरू (चित्र संख्या २७) छन्। यी दिगु द्यःहरू भक्तपुर बोडे र थिमीका मानन्धरहरूका हुन्।



चित्र संख्या २८ : मानन्धरहरूको दिगु द्यः।

च्वङ्गगणेशस्थान जाने पूर्वपट्टिको बाटोको उत्तरपट्टि पाँचवटा निराकृत आकृतियुक्त प्रस्तर (चित्र संख्या २८) छ। सो प्रस्तरको पादपीठमा अभिलेख



चित्र संख्या २९ : कोजु र सुवालहरूका दिगु द्यः।

पनि कुँदिएको छ ।[६] त्यस आधारमा यो दिगु द्यः पनि मानन्धरहरूकै रहे दृष्टिगोचर हुन्छ ।

कोजु र सुवालहरूका दिगु द्यः (चित्र संख्या २९)

भार्वाचो-मानन्धरहरूका दिगु द्यःहरू रहेको स्थानभन्दा उत्तरपश्चि भाग खाली नै देखिन्छ । हामीलाई प्राप्त जानकारी अनुसार सो भाग भक्तपुरको जैँलाटोलका थने-कोजुहरू र ताहामलाटोलका सुवालहरू देवालीपू गर्न आउँछन् ।

ख्वालापालाहरूका दिगु द्यः -चित्र संख्या ३०)




चित्र संख्या ३० : ख्वलापालाहरूका दिगु द्यः ।

---

६ परिशिष्ट, ६ संख्याको अभिलेख ।

ख्वङ्गगणेशमन्दिरको उत्तरपट्टि कलश र गोलाकार आकृतियुक्त प्रस्तर
छ। त्यसको संगै एउटा निराकृत प्रस्तर स्तम्भ पनि छ। यी ख्वालापालाहरूका
दिगु द्यः हुन्।

कलशाकृतियुक्त दिगु द्यः (चित्र संख्या ३१)



चित्र संख्या ३१ : कलशाकृतियुक्त दिगु द्यः।

ख्वालापालाहरूको दिगु द्यःसंगै पश्चिमतर्फ एउटै प्रस्तरफलकमा
छेपुले सजिएका तीनवटा गवाक्षभित्र तीन पूर्णकलशाकृति छन्। यसको संगै
हुँ यस्तै छेपुले सजिएको गवाक्षमा पद्माकृति स्थापित छ। यी दिगु द्यः कुन
समुदायका हुन् भन्ने जानकारी प्राप्त हुन सकेन। तर जे होस् मल्लकालीन
शैलीमा बनेका यी दिगु द्यः कलात्मक र सुन्दर छन्।

'राजोपाध्याय' ब्राम्हणहरूका दिगु द्यः (चित्र संख्या ३२)

च्वङ्गगणेशस्थानको पुछारको उत्तरपश्चिम ढिस्कोभागमा एक निरा प्रस्तर छ । भक्तपुरका राजोपाध्यायहरूले विवाह/व्रतबन्ध आदि माङ्गलि उत्सवताका यहाँ आई सो प्रस्तरलाई दिगु द्यःको रूपमा पूजाआजा आएको विदित हुन्छ ।

जोशीहरूका दिगु द्यः (चित्र संख्या ३३)

राजोपाध्यायहरूको दिगु द्यः देखि संगै उत्तरपट्टि दुईवटा प्रस गाडिइएका छन् जसलाई जोशीहरूले आफ्नो दिगु द्यःको रूपमा मान्दैप आएको कुरा ज्ञात हुन आएको छ । त्यसमध्येको एक प्रस्तरमा अभिलेख प कुँदिएको छ ।[७] सो अभिलेखबाट पनि उक्त कुराको पुष्टि मिल्छ ।



चित्र संख्या ३२ : 'राजोपाद्याय' ब्राम्हणहरूका दिगु द्यः ।

७ परिशिष्ट, ७ संख्याको अभिलेख ।




चित्र संख्या ३४ : जोशीहरूका दिगु द्यः ।

हरनरसिंह जोशीका सन्ततिहरूका दिगु द्यः (चित्र संख्या ३५)


ङ्गागणेशमन्दिरको उत्तरतर्फ रहेको चतुष्कोणाकार-मण्डपमा जोशीहरूका लदेवता छन्। सो मण्डपमा एकजोडी देवाली देवता स्थापित छन्। यसको नःनिर्माण वि.सं.२०६१ सालमा शहरनरसिंह जोशीका नवौं र दशौं पुस्ताका न्ततिले गरेका रहेछन्। यो कुरा त्यहींको शिलापत्रमा उत्कीर्ण अभिलेखबाट दित हुन्छ।[८]

ल्ल प्रधानाङ्गहरू एवं नकर्मी (कौ)हरूका दिगु द्यः -चित्र संख्या ३६)

परिशिष्ट, ८ संख्याको अभिलेख ।




चित्र संख्या ३५ : शहरनरसिंह जोशीहरूका दिगु द्यः ।



चित्र संख्या ३६ : मल्ल प्रधानाङ्गहरू एवं नकर्मी(कौ)हरूका दिगु द्यः ।

गणेशस्थानको ताहा फल्चा (लामो पाटी) पछाडि, पश्चिमतर्फ गारोमा सीमेन्ट प्लास्टर लगाई घेरिएको भागमा केही निराकृत स-साना प्रस्तर स्थापित छन् । यसलाई मल्ल प्रधानाङ्गहरूले दिगु द्यः को रूपमा मान्दैपुज्दै आएका छन् । सो दिगु द्यःको पार्श्वभागमा एक शिलापत्र पनि छ ।[९] यसबाट पनि उक्त कुराको पुष्टि मिल्छ । प्राप्त जानकारी अनुसार यसै स्थानमा नकर्मीहरूका पनि दिगु द्यः छन् ।

उक्त दिगु द्यः भएको स्थानदेखि पश्चिमपट्टि एकैनासका दुईवटा प्रस्तर स्थापित छन् । ती पनि (चित्र संख्या ३७) मल्ल प्रधानाङ्गहरूका दिगु द्यः हुन् । सो दिगु द्यः रहेको ठाउँसंगै पश्चिमतर्फ बलि चढाईने राँगो, बोका बाँध्नका लागि गाडिइराखिएको एक ढुङ्गे किलो (ल्वहँ कि) पनि (चित्र संख्या ३८) छ ।



चित्र संख्या ३७ : मल्ल प्रधानाङ्गहरूका दिगु द्यः ।

९ परिशिष्ट, ९ संख्याको अभिलेख ।

चित्र संख्या ३८ : ल्वहँ कि (ढुङ्गे किलो) ।




चित्र संख्या ३९ : भोमिहरूका दिगु द्यः ।

भोमिहरूका दिगु द्यः (चित्र संख्या ३९)


मल्ल प्रधानाङ्गहरूका दिगु द्यः रहेको स्थानदेखि उत्तरमा याछें, महालक्ष्मीस्थानका भोमिहरूका दिगु द्यः छन् ।

नमोबुद्ध चैत्य (चित्र संख्या ४०) र मञ्जुश्री पादुका (चित्र संख्या ४१)

च्वङागणेशमन्दिरको दक्षिणपूर्वमा एक चैत्य छ। सो चैत्यलाई बौद्धमार्गीहरूले 'नमोबुद्ध' (नम्बरा) को रूपमा मान्दै पुज्दै आएका छन् ।[१०] सो चैत्यसंगै दक्षिणपट्टि एक सानो मण्डप छ। सो मण्डपमा एक गोलाकार प्रस्तर छ। त्यसको मध्यभागमा प्रस्तर-पादुका छ। बौद्धमार्गीहरूले त्यसलाई 'मञ्जुश्री पादुका' को रूपमा पुज्दै आएका छन् । सो चैत्य र पादुका जीर्ण भएको हुंदा भक्तपुर बौद्ध सम्पदा संघले ने.सं.१११६ मा मण्डप समेत बनाई



चित्र संख्या ४०: नम्बरा भगवान 'नमोबुद्ध'



चित्र संख्या ४१: मञ्जुश्री पादुका

१० यस बारेको थप चर्चा संस्कृति खण्डमा हेर्नुहोस् ।


जीर्णोद्धार गरेको हो । यो कुरा सोही चैत्यको शिलापत्रबाट (चित्र संख्या ४
विदित हुन्छ ।[११]

सरस्वतीमन्दिर (चित्र संख्या ४३)

च्वङागणेशमन्दिरको दक्षिणपट्टि गुम्बजशैलीको पूर्वाभिमुख एक सा
मन्दिर 'सरस्वतीमन्दिर' नामले प्रसिद्ध छ । स्थानीय नेवार लोकजीवन
'ससुद्यः' नामले प्रसिद्ध यस मन्दिरका मुख्य देवी सरस्वती हाँसमाथि

चित्र संख्या ४२: ने.सं. १११८ को भक्तपुर बौद्ध सम्पदा संघको शिलापत्र ।

११ परिशिष्ट, १० संख्याको अभिलेख ।



चित्र संख्या ४३: सरस्वतीमन्दिर (स्थापना काल : वि.सं. २००४)।

राजलीलासन मुद्रामा बसेकी छिन् । यिनका चार हात छन् । यिनले आफ्ना माथिका दुई हातले बीणा बजाइरहेकी छिन् । तलका दुई हातमध्ये एकमा पुस्तक र अर्कोमा रुद्राक्षमाला लिएकी छिन् । यस मूर्तिको शीर्षभागमा एक शिलापत्र छ । त्यसमा 'जय शारदा श्री पञ्चमी २००४' उत्कीर्ण छ । यस आधारमा सो मूर्ति उक्त मितिमा प्रतिष्ठा भएको कुरा जानिन्छ ।

भक्तपुर विकास सहयोग संघले यस मन्दिरलाई शोभायमान तुल्याउन ने.सं.११२१ मा सो मन्दिरमा टायल, सिंगमर्मर जडान गरी यसलाई शोभायमान तुल्याएको रहेछ । यो कुरा सोही मन्दिरको दायाँपट्टिको ने.सं.११२१को शिलापत्रबाट थाहा पाइन्छ ।[१२]

१२ परिशिष्ट, ११ संख्याको अभिलेख ।

पश्चिमपट्टिको कुवा

च्वङ्गगणेशमन्दिरको पश्चिमपट्टि भिरोलो परेर गएको भाग छ। सो भागको खोंचमा एक कुवा छ। तर हाल सो कुवा पुरिएर रहेको अवस्थामा छ

मुपुज्व : हिटी, कुवा र पाटी


च्वङ्गगणेशमन्दिरको दक्षिण-पश्चिमतिर, मूल बाटोसंगै उत्तरपट्टि ए ढुङ्गेधारा (चित्र संख्या ४४) छ। सो ढुङ्गेधारा स्थानीय लोकजीवनमा 'मुपुज हिटी' भनी प्रसिद्ध छ। सो धाराको शीर्षमा मल्लकालीन कलाशैली शिवपार्वतीको प्रस्तरमूर्ति छ। सो धाराको पूर्वपट्टि शिवलिङ्ग र बसाहा (चि संख्या ४५) छ। शिवलिङ्गको सामुन्ने एक फलामे त्रिशूल पनि गाडिएको छ यहाँ खोपामा गणेशको एक नयाँ मूर्ति पनि छ। मुपुज्व हिटीको जीर्णोद्ध वि.सं.२०५० सालमा जनप्रतिनिधिहरूले नेतृत्व गरेको तत्कालीन भक्तपु नगरपालिका र यही भेकका जनताहरू मिलेर आर्थिक एवं अन्य सहयो जुटाई सम्पन्न गरेका थिए। यो कुरा सोही ढुङ्गेधारामाथिको शिलापत्रबा जानिन्छ।[१३]

मुपुज्व हिटी परिसर 'मुपुज्व' नामले प्रसिद्ध छ। यसैले यसको पूर्वप रहेको एक फल्चा (पाटी) पनि सोही अनुरूप 'मुपुज्व-फल्चा'(चित्र संख्या ४ भनी जनजीवनमा चलेर आएको छ। साह्रै जीर्ण अवस्थामा रहेको फल्चाको पुनर्निर्माण केही कालअघिमात्र च्वङ्गगणेशस्थान विकास समिति गरीदिएको छ। यसैले यो अहिले सुहाइरहेको छ। त्यसले त्यो ठाउँ नै सुन्द देखिनपुगेको छ।

१३ परिशिष्ट १२ संख्याको अभिलेख।



चित्र संख्या ४४: मुपुज्व हिटी ।



चित्र संख्या ४५: मुपुज्व हिटीस्थित शिवलिङ्ग र बसाहा ।

चित्र संख्या ४६: पुनर्निर्मित मुपुज्व फल्चा ।

मुपुज्व फल्चाको दक्षिणतर्फ, सडक पारि एक बुंगाः (कुवा) (चि संख्या ४७) छ । जनजीवनमा यो कुवा 'मुपुज्व-बुंगाः' नामले प्रसिद्ध र आएको छ ।



चित्र संख्या ४७ मुपुज्व बुंगा ।

टहरा (चित्र संख्या ४८)


गणेशको दर्शनपुजन गरी बनभोज गर्न आउनेहरूका लागि सजिलो होस् भन्नाका निमित्त च्वङ्गगणेशस्थान विकास समितिको सक्रियतामा यस क्षेत्रमा उत्तर, पश्चिम र पूर्वतिर गरी तीनवटा टहराहरू बनेका छन् ।



चित्र संख्या ४८ टहरा ।

कोसेढुङ्गो (चित्र संख्या ४९)

मुपुज्व फल्चादेखि केही पाईला पूर्वमा, सडकको उत्तरी किनारामा ६३ से.मि.चौडा, ३२ से.मि. लम्बा एक कोसेढुङ्गो गाडिइराखिएको छ ।



चित्र संख्या ४९ कोसेढुङ्गो ।


काठमाण्डौंदेखि भक्तपुर तीन कोस टाढा रहेछ भन्ने कुरा सो कोसेढुङ्गो
उत्कीर्ण अभिलेखबाट थाहा पाइन्छ ।[१४]

प्रवेशद्वारहरू, भूमिगत पानीट्यांकी

च्वङ्गगणेशस्थानमा पूर्व र पश्चिममा गरी दुईवटा खुला रूप
प्रवेशद्वार बनेका छन् । च्वङ्गगणेश विकास समितिको सक्रियतामा नवनिर्मि
यी प्रवेशद्वारहरूले त्यस क्षेत्रको सुन्दरता र शोभालाई बढाइरहेको मा
नभएर त्यहाँ आवतजावत गर्नेहरूका निमित्त समेत सुविधा भएको छ।

१४ परिशिष्ट, १३ संख्याको अभिलेख ।

पूर्वी प्रवेशद्वारको चर्चा माथि पनि भइसकेको छ। यस द्वारको दायाँ बायाँका खम्बामा शिलापत्र पनि छन् ।[१५] आफ्ना स्वर्गीय पति इश्वर प्रसाद ब्याँजु श्रेष्ठको स्मृतिमा उनका पत्नी नारायणदेवी लगायतका उनका परिवारले यो कलात्मक प्रवेशद्वार च्वङ्गगणेशस्थान विकास समितिको सक्रियतामा बनाउन लगाएका रहेछन्। इश्वर प्रसादका परिवारले उनको स्मृतिमा बनाउन गो द्वारलाई सोही अनुरूप उनीहरूले **लुमन्ति ध्वाका** (स्मृति द्वार) नाम दिएका छन्। यी कुरा ती शिलापत्रका आधारमा जानिन्छ।



त्र संख्या ५० : भक्तपुर ईंट्टा उद्योग व्यवसायी संघद्वारा निर्मित पानीट्याङ्कीमाथि नवनिर्माण भइर हेको पालेघर

परिशिष्ट, १४ संख्याको अभिलेख।

पूर्वी प्रवेशद्वारसंगै उत्तरपट्टि भक्तपुर ईट्टा उद्योग व्यवसायी
बनाइदिएको एक भूमिगत **पानीट्याङ्की** छ। सो पानीट्यांकीमाथि एक प
यी पंक्ति लेख्दासम्म निर्माणाधीन अवस्थामा (चित्र संख्या ५०) रहेको

च्वङगणेशमन्दिरसम्म पुग्ने ढुङ्गेसिँढीसहितको पश्चिमतर्फको प्रवे
पनि पूर्वी द्वारजस्तै कलात्मक छ। यो पश्चिमी-द्वार भने पूर्वी द्वारभन्दा
वर्ष पहिले बनेको हो। पूर्वी द्वार पश्चिमी द्वारको कलाशैलीबाट प्रभावित
बनेको दृष्टिगोचर हुन्छ। जे होस् यी कलात्मक द्वारहरू आधुनिक क
मृन्मय वास्तुकलाकृतिका सुन्दर नमुना हुन् भनी मान्न सकिन्छ।


च्वङगणेशमन्दिरबाट उक्त सिँढी भएर ओलँदा सो सिँढीको पूर्व
भागमा एक शिलापत्र देखापर्न आउँछ।[१६] सो ढुङ्गेसिंढी वि.सं.२०५९ स
जनसहयोगबाट बनेको कुरा उक्त शिलापत्रका साथै च्वङगणेशस्थान वि
समितिले प्रकाशित गरेको सो सिंढी विषयको आयव्यय विवरण स
पुस्तिकाका आधारमा पनि ज्ञात हुन्छ।[१७] यो सिँढी बनेपछि त्यहाँ
भक्तजनहरूलाई धेरै सुविधा पुगेको विदित हुन्छ।

ढुङ्गेसिँढीको दक्षिणपश्चिममा खडा रहेको कलात्मक प्रवेशद्वार
संख्या ५१) का थामहरूमा शिलापत्र पनि राखिइएका छन्।[१८] त्यसबा
प्रवेशद्वार पनि जनसहयोगबाट बनेको कुरा थाहा पाइन्छ। सो प्रवेश
पश्चिमपट्टिको थाममा च्वङगणेशस्थान विकास समितिले राख्न लगा
शिलापत्र छ। त्यसको अभिलेख यसप्रकार छ :

१६ परिशिष्ट, १५ संख्याको अभिलेख।

१७ परिशिष्ट, चोङ्ग गणेशस्थान विकास समितिको आयव्यय विवरणसम्बन्धी पुस्तिका,

१८ परिशिष्ट, १६ संख्याको अभिलेख।



चित्र संख्या ५१ : पश्चिम तर्फको प्रवेशद्वार ।

श्री

भक्तजनहरूमा

च्वङा

गणेशस्थान

विकास

समिति

हार्दीक स्वागत

गर्दछ ।

२०५९

खण्ड द्वितीय
इतिहास

प्राचीनता

ाघ्नविनाशक, एक मात्र माङ्गल्यदेव गणेशलाई अग्रपुजाको सम्मान प्राप्त छ। र उनको यो सार्वभौम स्थान पूर्व प्राचीनकालदेखि चलेर आएको भने होइन। द, उपनिषद् र स्मृतिका प्रारम्भ गणेश-स्मरणबाट भएको छैन। रामायण, हाभारत र अधिकांश पुराणले पनि गणेश-नमनबाट गणपति गणेशलाई मस्कार गरेको छैन। भारतको गुप्तकालीन र नेपालको लिच्छविकालीन ालापत्रहरूमा समेत उनी आएको देखिँदैन। उनका स्थानमा विष्णु, सूर्य, ाव/पशुपति, वराह, बुद्ध आदि देवतालाई नमस्कार गरी उठानवाक्य प्रारम्भ एको देखिएको छ।

ाजका गणेशको 'गणपति' नाम सर्वप्रथम ऋग्वैदिक मन्त्रमा 'गणानां त्वा णपतिम्' भनेर आएको छ। तर त्यो नाम हाम्रा गणेशका निमित्त नभएर त्रादि गणका पति 'ब्रम्हणस्पति' का लागि व्यवहृत भएको एकथरी तर्क पनि । त्यसैगरी वाजसनेयी संहितामा वर्णित 'गणानां त्वा गणपति हवामहे' न्त्रको अभिप्राय पनि हाम्रा गणेशसित नभएर अश्वमेधका घोडासित रहेको कथरीको विचार पनि नचलेको होइन। प्रचलित परम्पराले ऋग्वैदिक मन्त्रका णपति गणेशलाई मान्दै आएको छ। 'पूर्ण ब्रम्ह' का प्रतीक गणेश वा णपति बुद्धि र ज्ञानका देवता हुन्। वृहस्पति लगायत सारा गणहरूका ालिक इन्द्रलाई पनि सोही अर्थमा 'ब्रम्हणस्पति' भनी प्रयोग भएको देखिन्छ वैदिक गणपति वा ब्रम्हणस्पतिको परवर्तीकालमा विकसित हुनपुगेको स्वतन्त्र, ार्वभौम एवं अत्यन्त लोकप्रिय स्वरूप शिव+पार्वती पुत्र 'गणेश' मा रुढ नपुगेको दृष्टिगोचर हुन्छ। यसरी प्रथम वन्दनामा उनी उतिबेला नआए पनि ईसापूर्वका साहित्यमा उनको प्रवेश भइसकेको कुरामा भने सन्देह ने छैन। मूर्तिकलाको संसारमा भने उनी धेरै पछि मात्र आएका हुन्।


गजमुख गणेशको महत्त्व पौराणिक कालतिर आईपुग्दा अत्यधिक बढ्नला देखिन्छ । उनको उत्पत्तिका बारेमा पुराण-साहित्यहरूले अनेक कथ सिर्जना गरेका छन् । जे जस्ता कथाहरू वर्णित भएतापनि विशाल भएको, होचो कदको मानव देहमा हात्तीको मुख र मस्तक जोडिन पुगेको शिव वा पार्वती वा शिव+पार्वतीकै अंशबाट आविर्भूत भएको सार नै कथाहरूको मूल सार रहेको जानिन्छ। पौराणिक कथासारले गजमुख र शिव एकै हुन् भन्ने कुरा पनि जानिन्छ। गणपत्यथर्वशीर्षमा उनलाई सुत' भनिएको छ । शिवको एक नाम 'गणपति' पनि रहेको छ । विशेषतालाई बोध गर्ने कतिपय नाम जस्तै : 'त्रिलोचन', 'भालचन्द्र', 'परश गणेशका पनि नाम हुन् । यसले यहाँनिर सैन्धव सभ्यताकालका योगम तल्लीन शिव-पशुपतिको पृष्ठभागमा त्यसरी शिवका साथमा देखापर्ने पशु 'हात्ती'लाई पनि झल्झली संझाएको छ। शिव र गजमुख गणेशको सान्निध्यता, 'गणपति' को उद्भव एवं पौराणिक कथा सिर्जनामा उत्खननमा पत्ता लागेको माटाको सीलमा उत्कीर्ण उक्त शिव-पशुपति हात्तीको आकृति आदि-प्रेरक तत्त्व रहेको कुरा प्रकारान्तरमा दृष्टिगोचर यक्ष र नागको उपासना 'गणपति' उद्भवको एक कारक तत्त्व रहेको पनि चलेको छ। सबै यक्षका मुख मानवका मात्र नभएर पशुका पनि हुने गोमुख, अश्वमुख लगायत गज-मुखका आधारमा पनि मिल्छ । भा अमरावती-स्तूपमा प्राप्त एक उष्णिषमा अङ्कित गज-मुख यक्षमा ग प्रतिमाको मूल नै दृष्टिगत हुन आउँछ ।

पुराण-साहित्यले लोकप्रियताको अग्रपंक्तिमा पुऱ्याएका गणेश 'गणेश र 'मुद्गल पुराण' जस्ता स्वतन्त्र उपपुराणहरूको रचनाकालतिर आइ गाणपत्यहरूको स्वतन्त्र सम्प्रदाय नै भारतमा चलेर यिनी अझ प्रख्या गएको विदित हुन्छ । महायान बौद्ध सम्प्रदाय, तन्त्र र योगशास्त्रमा

यिनी देखिन थाले । सपनामा स्वर्गबाट झरेको सेतो हात्तीलाई मायादेवीले निलेको हुँदा बुद्धगर्भस्थ भएको कथा बौद्धजगतमा चलेको छ। यसैकारण सेतो हात्तीलाई बुद्धकै सूचक मानेको बुझिन्छ। मौर्यकालीन राजकीय कला अन्तर्गतका अशोक स्तम्भ, चट्टान आदिमा देखिने अनेक पशु आकृतिमा हात्तीले पनि शीर्षस्थान पाएको छ। कुषाण सम्राट हुविष्कको एक मुद्रामा धनुषबाण धारण गरेको मनुष्याकृति देवप्रतिमा उत्कीर्ण गरिनुका साथै ब्राम्ही लिपिमा 'गणेश' नाम कुँदिएको छ। गणेशका प्राचीन प्रतिमाहरू नेपाल-र भारतका अतिरिक्त तिब्बत, चीन, जापान, जावा, कम्बोडिया, थाइल्याण्ड, ईरान, युनान लगायत मध्य अमेरिकाको मेक्सिको र दक्षिण अमेरिकाको ब्राजीलमा समेत पाइएका छन् । ब्राजीलको उत्खननमा प्राप्त गणेशको मूर्तिलाई पुरातत्त्वविद्हरूले ईसवीपूर्वको मानेका छन्। यसले गणेशको सार्वदेशिक प्रचार एवं लोकप्रियतालाई पुष्टि गर्छ ।

भक्तपुर, सिद्धपोखरीका गणेश (चित्र संख्या ५२)

उत्तरप्राचीनकालसम्म आइपुग्दा अनेक धार्मिक सम्प्रदाय उपसम्प्रदायहरू नेपाल र भारतमा स्वतन्त्र रूपका चलेका थिए । तर तन्त्रपद्धतिले साझा रूपंमा ती सबैलाई प्रबल प्रभावमा पार्दै लगेपछि मध्यकालसम्म आइपुग्दा तिनीहरूको स्वतन्त्र अस्तित्व ओझेलमा पर्न गई सम्मिश्रित रूपको तन्त्रप्रधान धर्म विशेष रूपले लोकप्रिय भएर आयो । गाणपत्य सम्प्रदाय पनि अपवादको रूपमा रहेन। नेपालका प्राचीन अभिलेखमा यो सम्प्रदायको स्पष्ट उल्लेख आएको छैन । तर यसै आधारमा मात्र यो सम्प्रदाय यहाँ चलेको थिएन भनी निरूपण गरी हाल्नु वैज्ञानिकता पनि होइन। अर्को आधार गणेशका प्राचीन स्वतन्त्र मूर्तिहरू पनि हुन्। यस्ता मूर्तिहरू काठमाण्डौ उपत्यका र यसको आसपासका क्षेत्रबाट केही कालअघि मात्र



चित्र संख्या ५२ : नेपालका प्राचीनतम गणेश : सिद्धपोखरीका गणेश, तेस्रो-चौथो शताब्दी ई.सं.

प्राप्त हुनआएका छन् । काठमाण्डौं उपत्यकाबाट प्राप्त त्यस्ता १८ वटा मूर्तिहरूको चर्चा गर्दै मोहन प्रसाद खनालले ती मूर्तिहरूलाई पाँचौंदेखि सातौं शताब्दीबीचका मानेका छन् ।

भारतमा गुप्तकाल (ई.सं.३१९-६००) को प्रारम्भदेखि नै स्वतन्त्र गणेश-मूर्तिहरू निकै संख्यामा निर्माण हुन लागको थियो । यसै आधारमा पनि त्यहाँका विद्वानहरूले 'गाणपत्य सम्प्रदायको अधिक विकास गुप्तकालमा भएको थियो' भन्न सकेका हुन् । भारतको संकिसास्थित द्विभुज स्थानक गणेशको मूर्ति नै आजसम्म त्यहाँ प्राप्त मूर्तिहरूमा प्राचीनतम हो । यस मूर्तिको बायाँ हातमा मोदक-पात्र छ, त्यतैतिर (बायाँतिर) गणेशको सुँड घुमेर अडनपुगको छ। यिनले दायाँ हातमा लिएको वस्तु निश्चित रूपले खुट्टयाउन सकेको छैन। यस्तै शैलीका तीनवटा मूर्ति मथुरा-संग्रहालयमा छन्। ती तीनै मूर्तिहरू पनि द्विभुज र लम्बोदर छन् तथा सुँड बायाँ घुमेका छन् । यी सबै मूर्तिहरू तेस्रो देखि चौथो शताब्दी बीचका वा त्यसभन्दा पनि केही पूर्वकालको हुन सक्ने मानिएको छ । मोदक-पात्र तथा दुई हातका अतिरिक्त अलंकार-शून्यता, एउटै मात्र दाँतको प्रदर्शन, सर्प-यज्ञोपवित (सर्पको जनै) प्रारम्भिक गणेश-प्रतीमाका विशेषता हुन्। अब यस्तै शैली लक्षण र विशेषताहरू हाम्रा सिद्धपोखरीका गणेशमा छन् वा छैनन् त्यसबारेमा विचार गरौं :

च्वङ्गगणेशस्थानबाट केही पर पूर्वमा सिद्धपोखरी छ । सो पोखरीको पूर्वी घाटका खोपाहरूमा विभिन्न देवताहरू छन्। त्यहाँ एक चैत्य पनि छ। सो चैत्यको उत्तरतर्फको पूर्वी कुनामा दुईवटा खोपाहरू छन् । दायाँपट्टिको खोपामा नृवराहको प्राचीन प्रस्तरमूर्ति (ईसवीको चारौं शताब्दीको उत्तरार्द्ध) छ । त्यसको संगै बायाँपट्टिको खोपामा परित्यक्त अवस्थामा रहेको गणेशको प्रस्तरमूर्ति (५२ से.मि. लम्बा, २७ से.मि.चौडा) छ । कैयन कालदेखिको घामपानी हावाहुरी र मानवस्पर्शका कारण सहजै आफ्नो प्राचीनता झल्काइरहेको

यो गणेशमूर्ति पनि स्थानक (उभिरहेको) मुद्रामा देखापर्छन् । यिनका दुई हा
छन् । गणेशको होचो कदको रूप चित्रण गर्न खोजेको यस गणेशका हा
पाखुरा, तिघ्रा र खुट्टा मोटा र भद्धा छन् । यसमा यसका कलाकारले शा
सुन्दरता भन्दा पनि शौर्य र बलशाली देखाउन खोजेको जस्तो देखिन्छ
यिनको मुकुट र अन्य अलंकाररहित मस्तक पनि भद्धा देखिनुको साथै प्राकृति
हात्तीको छ । बायाँ हातमा मोदक-पात्र छ । त्यसमा उनको सुँड त्यतै
(बायाँतर्फ) घुमेर अडिएको छ। संकिसाको गणेशमा जस्तै हाम्रा गणेशले प
दायाँ हातमा लिएको वस्तु निश्चित रूपले ठम्याउन गाह्रो पर्छ। अलंकरण
सर्वथा अभाव एवं एकदन्तको प्रदर्शन यिनले पनि गरेका छन् । भुँडी
दायाँभागबाट अत्यन्त मसिनु धागो जस्तै दुईवटा धर्का बायाँ माथित
तानिएर गएको देखिन्छ जस्को बाँकी अंश सुँड र मोदक-पात्रका बीच
हराउन पुगको छ । यो उनको सर्प-यज्ञोपवित हो जुन उदर-बन्धकै रूप
प्रयोग भएको आभास हुन्छ । यहाँ हाम्रा यी गणेशका पनि परिवार छैनन्
यहाँसम्म कि यिनका प्रिय वाहन मुसा समेत त्यहाँ छैन । भुँडीमा कसे
पटुकाको मुजा दुई खुट्टाका बीचमा तलतिर चुच्चो परेर झरेको छ। त्यति
आधारमा मात्र उनले आफ्नो शरीरमा वस्त्र धारण गरेका रहेछन् भनी मा
पर्ने हुन्छ ।

हामीले सिद्धपोखरीका गणेशलाई भारतका प्राचीन गणेशमूर्तिहरूसि
तुलना गर्दा हाम्रा गणेश प्रारम्भिक गणेश प्रतिमाका विशेषताहरू भए
ज्यादै प्राचीन मूर्ति देखिनआएको छ । यस आधारमा यसलाई ईसाको ते
चौथो शताब्दीको मान्न सकिन्छ। यताबाट नेपालमा हालसम्म प्राप्त प्राचीनत
गणेशमूर्ति यही नै हो भन्ने कुरा पनि पत्ता लाग्छ ।

भारतमा झैं प्राचीन नेपालमा पनि गाणपत्य मत अस्तित्वमा थियो भन्ने कुराको स्पष्ट संकेत यस्ता प्राचीन स्वतन्त्र गणेशमूर्तिहरूले गरेका छन्। अन्य सम्प्रदाय, उपसम्प्रदायहरू झैं यो सम्प्रदायले पनि मध्यकालमा आईपुग्दा आफ्नो स्वतन्त्र अस्तित्व गुमाइसकेको थियो। तापनि सर्वव्यापक रूपमा उनी अग्रपुजाका सम्मान प्राप्त अभिन्न देवता भएर आए।

च्वङ्गगणेश

मूर्तिकलाका दृष्टिले, सिद्धपोखरी-गणेशको प्राचीनता पनि पत्ता लाग्न आएको आधारमा हामी भारत र नेपालमा गणेशोपासना-परम्परा लगभग एकै समयतिर संगसंगै चलिरहेको थियो भन्ने स्थितिमा अब छौं। आफ्नो स्वतन्त्र अस्तित्वलाई बिर्सेर आएका अनेक सम्प्रदायहरूको समिश्रणयुक्त युग मध्यकाल थियो। सम्प्रदाय-समिश्रणको यो युग गणेशोपासनाको सार्वभौम-छत्र ओढेको चरमोत्कर्षकाल थियो। पहिले विष्णु, सूर्य, शिव, वराह आदि लाई नमस्कार गर्ने धार्मिक सांस्कृतिक जीवन अब यसकालमा आईपुग्दा हाम्रा गणेशलाई नमस्कार नगरी कुनै पनि काम नगर्ने मनस्थितिमा पुगिसकेका थिए। यसो हुँदा उनका अनेक स्वरूप, नाम, निश्चित संख्याको समूह इत्यादि पनि आविर्भूत एवं विकसित हुँदै तदनुरूपका असंख्य मूर्ति, मन्दिरहरू समेत बन्न थालेको विदित हुन्छ। गणेश अब स्वतन्त्र पनि रहेनन्। उनी आफ्ना पार्षद, परिवारसित पनि झकीझकाऊ भएर देखा पर्न थाले। मूसाले उनको साथ नछोड्ने भयो। पहिले द्विभुज भएका गणेश अब चार हात, आठ हात, सोह्र हात, बत्तीस हात तथा त्यसभन्दा पनि धेरै हातहरू लिएर विविध मुद्रामा देखा परे। उनका 'गणपति' अघिल्तिरका विशेषणहरू जस्तै : नृत्त, हेरम्ब, महा, बाल, तरुण, भक्ति, वीर, विघ्नराज, हरिद्रा, एकदन्त, उच्छिष्ट, विनायक, आदि शास्त्रिय नामले मात्र नभएर प्राकृत नामहरू जस्तै : मरु गन्द्यः, क्वेना

गन्ध:, इनार गन्ध:, लाटा गन्ध:, पातिङ्ग गन्ध:, द्य:लान्चा गन्ध:, यातु
आदि पनि स्थानीय लौकिकजीवनमा उत्तिकै प्रख्यात भएर आएको दृष्टि
हुन्छ। हाम्रो च्वङगन्ध: यी माथिका तथ्यको अपवाद होइन।

माथिका कुरा बुझेपछि च्वङगणेशको प्राचीनता केही खुल्छ।
मध्यकालभन्दा अघिका होइनन्। ईसाको बाह्रौं शताब्दीको मध्यतिर आई
उपत्यकाका तीनवटै शहरी बस्तीहरू अष्टमातृका, नवदुर्गा, अष्टभैरव लगा
अष्टगणेशले प्रतिष्ठापित भएर व्यवस्थित भइसकेका थिए। देशर
देशबासीहरूको सुख, समृद्धि, सुस्वास्थ्य, सफलता इत्यादिका लागि श
रूपका देवताहरूभन्दा उग्र तान्त्रिक स्वरूपका देवताहरू नै उपयुक्त म
नगरबस्तीका खास-खास स्थानहरूमा यस्ता तान्त्रिक देवताहरू स्थापि
हुनपुगेका थिए। आध्यात्मिक एवं भौतिक आदि अनेक दृष्टिले विकसित भ
आएको हुँदा र सुरक्षाका दृष्टिले समेत उपयुक्त देखिएको भक्तपुरमा नेपालमण्ड
(नेपाल राष्ट्र) को राजधानी समेत बसाल्ने काम भयो। यसरी राजधा
बसाल्ने क्रममा राजधानीनगरबस्तीलाई यन्त्राकार रूप दिई बस्तीभित्र
बाहिरका आठ स्थानहरूमा अष्टमातृका, अष्टभैरव लगायत अष्टगणेश
स्थापित हुनपुगे। मूलनगरबस्ती बाहिरका आठ स्थानमा स्थापित अष्टगणेश
यन्त्रमय अवस्थिति (यन्त्र संख्या १) को अन्वेषणले त्यसमध्येका एक च्वङगणे
पनि हुन् भन्ने कुरा ज्ञात हुन्छ। यसप्रकार च्वङगणेशको स्थापनाकाल
लाई हामी ईसाको बाह्रौ शताब्दीको मध्यतिर राख्न सक्तछौं।



लाटा गन्धः

द्वु गन्धः

यातु गन्धः

ख्वडा गन्धः

धःलांचा गन्धः

चुलिं गन्धः

नंख्यः गन्धः

इनार गन्धः

यन्त्र संख्या १: मूलनगरबस्ती बाहिरका आठ स्थानमा स्थापित अष्टगणेशको यन्त्रमय अवस्थिति ।



खण्ड तृतीय
संस्कृति

संस्कृति

सानो होस् वा ठूलो ! मूर्ति, मन्दिर, चैत्य, विहार जस्ता कला, वास्तु
निर्माणपछि त्यसलाई धार्मिक-सांस्कृतिक जीवनसित सांस्कृतिकृत गर्दै,
पूजाविधान, जात्रा, संस्कार इत्यादि थपेर समृद्ध तुल्याउँदै, जीवन्त
निरन्तर अघि बढाइरहनु नेवार-संस्कृति हो । त्यही संस्कृतिको एक जी
अंश च्वङागणेश-संस्कृति पनि हो । यो संस्कृति आत्मा हो । त्यो
बसालेर आजसम्म चलिरहेको शरीर यहाँको धार्मिक-सांस्कृतिक जीवन

सांस्कृतिक सम्पन्नताका दृष्टिले भक्तपुर शहर 'थने' (माथिल्लो/पूर्व) र
(तल्लो/पश्चिम) गरी दुई भागमा विभक्त रहीआएको छ । शहरीबस्तीको
र पश्चिममा परम्परागत सांस्कृतिक मूल मार्गहरू छन् जुन आज
वर्तमान छन् । भक्तपुरलाई आर्थिक, भौतिक लगायत सांस्कृतिक
समुन्नत तुल्याउनमा यी मार्गहरू पनि ऐतिहासिक कालदेखि नै सह
तत्व रही आएको कुरामा सन्देह छैन । 'देशबस्ती' बाहिर निस्कने
'श्रीगणेशाय नमः' भईहाल्ने पूर्वको च्यामासिंहका द्यःलान्चा गन्द्यः हुन्
पश्चिमका च्वङागन्द्यः हुन् । यी दुई गणेशको अवस्थानले शहरीबस्तीको
र पश्चिमका बाहिरी सीमाको सांस्कृतिक-सीमाङ्कन पनि गरेको छ
अतिशयोक्ति नहोला । उदाहरण यहाँका जीवितदेवता नवदुर्गा गणला
लिउँ । नवदुर्गा गण आफ्नो निश्चित नियम तालिका अनुसार चल्ने
उस्को आफ्ना निश्चित ईलाका छन् जसलाई नियम तालिका विपरित
कहिल्यै उलंघन गर्दैन । जनताको आग्रह अनुरोधमा वि.सं.२०१८ सा
दैवीय विपत्ति निवारणका लागि नवदुर्गा गणको सवारी पश्चि
मूलनगरबस्तीबाहिरको टुँडिखेलसम्म भएको थियो । त्यहाँ नवदुर्गा ग
भव्य रूपले 'द्यःब्वयेकेगु' पूजा गरिएको थियो । यसरी सवारी हुँदा न

गण च्वङागणेशले सीमाङ्कन गरेको इलाकाभन्दा भित्रै थिए । नवदुर्गा गणले देश, बस्ती र देशबासीको सुरक्षा गर्दै आएको छ । यसैले यस्तोमा आफ्नो निर्धारित नियम तालिकाभन्दा बाहेक अरुबेला पूर्वमा घ्यलान्चा गन्धःभन्दा उता र पश्चिममा च्वङागन्धः भन्दा उता जाँदैन । त्यसैगरी घण्टाकर्ण चतुर्दशी (गाथा मोग चह्रे) का दिन साँझपख देशबस्ती बाहिरका दोबाटो-चौबाटोमा घण्टाकर्णको पुत्ला जलाउन लाने चलन छ । च्वङागणेशको पश्चिमतर्फ यस्तै बाटाहरू छन् जुन हाम्रै गणेशको इलाका हो । छ्वालीको मसाल बाल्दै आएका कोनेका वासिन्दाहरू त्योभन्दा उतातिर जाँदैनन् । त्यहीँबाट घण्टाकर्णको पुत्ला जलाएर फर्कन्छन् । यताबाट पनि बस्ती बाहिर पर्ने सांस्कृतिक सीमानाको निरूपण हुन्छ ।

च्वङागणेश दक्षिणाभिमुख छ । यो कुरा अलि विचारणीय लाग्छ । यस देवस्थानको ठीक दक्षिण दिशामा अलिकता दूरदृष्टि दिएमा त्यहाँ कटुन्जेको रमणीय डाँडामा अवस्थित सुवर्णेश्वर महादेव (लुचु महाद्यः) मन्दिर दर्शनीय हुन आउँछ । सुवर्णेश्वर उत्तरप्राचीनकालतिरै प्रख्यात भइसकेका महादेव हुन् । उनै महादेवपुत्र हाम्रा च्वङागणेशलाई यस स्थानमा स्थापना गर्नुपर्दा उतैतिर अर्थात पिताको दिशामा अभिमुख हुने गरी स्थापना गरेका होलान् भनी सहजै अनुमान गर्न सकिन्छ ।

तत्कालीन भक्तपुर मल्लहरूको मूल राजकीय बासस्थानको रूपमा मात्र नभएर सांस्कृतिक मूल थलो पनि थियो । यो गरिमालाई भक्तपुरले आज पनि कुनै न कुनै रूपमा बचाएर राखेकै छ । पश्चिममा पर्ने सांस्कृतिक मार्गको श्रीगणेश च्वङागणेशबाटै हुन्छ । यसको काखै मुनीबाट भने झैं तत्कालीन समयमा राजकीय पूजाभाग लिएर कान्तिपुर र ललितपुरबाट भक्तपुर राज्यमा प्रवेश गर्नुपर्दा, नरदेवी, पचलिभैरव, हरसिद्धि आदि गणनाचहरू यहाँ आउँदा

र यहाँबाट राज-खड्ग लिएर रातो मत्स्येन्द्रनाथको जात्रामा जाने इत क्रममा सर्वप्रथम दर्शनीय हुनआउने च्वङागणेश नै हुन् भन्ने कुरा दृष्टिगोचर हुन्छ ।

गणेश बुद्धी र ज्ञानका देवताको रूपमा मात्र नभएर भक्तपुरको कृ जनजीवनका माझमा कृषि उत्पादन बढाउन मद्धत गर्ने देवताका रू समेत प्रख्यात छन्। यसैकारण यहाँका किसानहरू यिनलाई आदर सम्मानपू 'च्वङावजु' भनी पुकार्छन् ।

